खाँदवारी नगरकार्यपालिकाको कार्यालय, खाँदवारी, संखुवासभाबाट

गठित छानविन समितिको

प्रतिवेदन

२०७४

पेश गरिएको निकाय :

खाँदवारी नगरपालिका कार्यालय,
खाँदवारी, संखुवासभा ।

मिति २०७४।१२।१८

श्री प्रमुख ज्यू,
नगर कार्यपालिकाको कार्यालय, खाँदबारी नगरपालिका
खाँदबारी, संखुवासभा ।

विषय : प्रतिवेदन पेश गरिएको सम्वन्धमा ।

महोदय,

प्रस्तुत सम्वन्धमा मिति २०७४ चैत्र ६ गते बसेको नगर कार्यपालिकाको वैठकको निर्णय नं. ४ बमोजिम गठित छानवीन समितिले म.ले.प. प्रतिवेदनको दफा १.२ मा उल्लेख भएको आर्थिक अपचलनलाई ७ (सात) दिनको म्याद भित्र बैंक विवरण, बैंक नगदी किताब, आ.ले.प., म.ले.प. प्रतिवेदन र लेखा शाखामा रहेको श्रेस्ताहरु अध्ययन गरी तयार पारिएको आवरण पृष्ठ सहित पत्रहरुको प्रतिलिपी संलग्न पाना ८१ को छानवीन प्रतिवेदनहरु ७ (सात) दिनको म्याद भित्र समितिका तर्फवाट वुझाएको छु । समितिले दिएका सल्लाह, सुझाव अनुसार कारवाही प्रकृया अगाडि बढ्ने छ भन्ने विश्वास लिएको छु ।

**प्रतिवेदक**
श्यामप्रसाद निरौला
संयोजक
छानवीन समिति
खाँदबारी नगरपालिका

# पृष्ठभूमि एवं उद्धेश्य

२०५३ साल माघ १८ गते घोषणा भएको खाँदवारी नगरपालिका देशका अन्य स्थानीय निकायहरु भैं लामो समयसम्म जनप्रतिनिधि विहिन रहेको कुरा सर्वविदितै छ । २०७४ साल आषाढमा सम्पन्न स्थानीय तहको निर्वाचन पश्चात निर्वाचित जनप्रतिनिधिहरुबाट नगरपालिकाको नेतृत्व सम्हाले पछि नगरवासीहरुका अपेक्षाहरु वृद्धी हुनु स्वाभाविकै मान्न सकिन्छ । निर्वाचित प्रतिनिधिहरु वहाल रहेपछि २०७४ साल असोज महिनामा प्रथम नगरसभा सम्पन्न गरी नगरपालिकाका वासिन्दाहरुलाई गत वर्षको बाँकी मौज्दात रकम, मन्त्रालयगत कार्यक्रमहरुको मुख्य आधार, श्रोत परिचालन तथा राजस्व वाडफाँड समितिले प्रक्षेपण गरेको आधार, साविक स्थानीय विकास मन्त्रालयबाट प्राप्त नीति निर्देशन तथा नमूना कानूनका आधारमा बजेट विनियोजन गरी नीति तथा कार्यक्रमहरु लागु गरीएको छ । यस सन्दर्भमा खाँदवारी नगरपालिकाले आफ्नो तिर्नुपर्ने दायित्वहरु बजारमा नगरपालिकाले पुरा नगरेपछि यस अघि खाँदवारी नगरकार्यपालिकाको बैठकले बजार भित्रको जिन्सी रकमको दायित्व भुक्तानी गर्नका लागि यर्थाथ छानविन गरी भुक्तानी गर्न वडा नं. ३ का वडा अध्यक्ष तोयानाथ ढुंगानाको संयोजकत्वमा समिति गठन गरी छानविन प्रतिवेदनको आधारमा भुक्तानी गर्न कार्यादेश रहेको अवस्थामा नै वडा अध्यक्ष तोयानाथ ढुंगानाको दुःखद निधन भए पछि मिति २०७४ साल चैत्र ६ गतेको कार्यपालिका बैठकले पुनः सो समितिको संयोजकत्वमा १ नं वडा अध्यक्ष निरन्जन श्रेष्ठको संयोजकत्वमा गठीत समिति क्रियाशिल रहेको छ

यस सन्दर्भमा महालेखा परिक्षकको कार्यालयले खाँदवारी नगरपालिकालाई म.ले.प. प्रतिवेदन मिति २०७४ साल मंसिर १५ गते कार्यालयलाई बुझाए पछि बुझाएको मितिले ३५ दिन भित्रमा बेरुजु दाखिला गर्नुपर्ने तथा असुल गर्नुपर्ने भनि किटान गरीएका रकम दाखिला हुनुपर्ने एवं सम्परिक्षण गर्नुपर्ने अंकहरुको समेत यकिन गर्ने समय समेत गुजारेको देखिन्छ । मलेपको प्रतिवेदनले औल्याएका बेरुजु तथा दाखिला गर्नुपर्ने रकम र व्यक्तिहरु असुल गर्नुपर्ने रकमहरुको प्रकृया नबढेको अवस्थामा जिल्ला प्रशासन कार्यालय संखुवासभाले मिति २०७४ साल चैत्र ... गते पत्र पठाएर तुरुन्त कार्यवाही अगाडी बढाउने निर्देशन दिएपछि प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण कुमार निरौलाले निर्वतमान लेखा अधिकृत नविन कुमार श्रेष्ठलाई २४ घण्टे पत्र काटी यर्थात विवरण उपलब्ध गराउन भनेपछि लेखा अधिकृत श्रेष्ठले आनाकानी गरेपछि बैंकबाट नै रकम अपचलनको आशंकामा मिति २०७४ साल चैत्र ६ गते का.वा. प्रमुख डेगेश्वरी श्रेष्ठको अध्यक्षतामा नगरकार्यपालिकाको बैठक वसी ५ नं. वडाका का.वा. अध्यक्ष एवं कार्यपालिका सदस्य श्याम प्रसाद निरौला, कोष तथा लेखा नियन्त्रक कार्यालयको लेखा अधिकृत का प्रतिनिधि, जिल्ला समन्वय समितिको कार्यालयका लेखा अधिकृत वा प्रतिनिधि सदस्य रहने ३ सदस्य छानविन समिति गठन गर्ने निर्णय भयो । बैठकको निर्णय अनुसार नगर कार्यपालिका कार्यालयले को.ले.नि.का र जिल्ला समन्वय समितिले मिति २०७४ साल चैत्र ८ गते को.ले.नि.का बाट रुद्रमणि श्रेष्ठ र समन्वय समितिबाट रुद्र बहादुर बुढाथोकी प्रतिनिधि तोकिनु भएको थियो । छानविन समितिले मिति २०७४ साल चैत्र १२ गते विहान ७ बजे छानविन समिति संयोजक श्याम प्रसाद निरौलाको अध्यक्षतामा पहिलो बैठक बसी छानविनका आधारहरु तय गरी शुरु गरीयो । छानविन समितिको समय अवधी सात दिन रहेकोमा समितिलाई सहयोग गर्न जिल्ला वन कार्यालयमा कार्यरत लेखापाल शुशिल पोखरेललाई आमन्त्रीत गरी प्रकृया अगाडि बढाईयो ।

छानविन प्रकृयाको मुख्य आधार कार्यालयबाट उपलब्ध भएसम्मको म.ले.प.को प्रतिवेदन, बैंक नगदी किताव, बैंक स्टेटमेन्टहरु, को.ले.नि.काबाट भएका निकासा पत्रहरु, चेकका अर्धकट्टीहरु र मन्त्रालयबाट प्राप्त परिपत्र तथा श्रेष्ताहरु अध्ययनबाट पत्ता लागेका विषयहरु प्रतिवेदनमा समावेश गरेका छौं । हाम्रो प्रतिवेदनको उद्धेश्य खाँदवारी नगरपालिकामा भएको आर्थिक कारोवारहरुलाई तथ्य परक ढंगले प्रस्तुत गर्ने रहेको छ । यो प्रतिवेदन नगरपालिका कार्यालयका सम्वन्धीत शाखाहरुबाट प्राप्त श्रेष्ता तथा विवरणहरुलाई मुख्य आधार बनाई तयार पारिएको हो ।

## आर्थिक परिचित्र

राज्यलाई सुव्यवस्थीत संचालन गर्न बजेटको प्रभावकारी सदुपयोग हुन जरुरी हुन्छ । तर खाँदवारी नगरपालिकावाट हरेक वर्ष घाटा बजेट तयार हुने र कार्यान्वयनका क्रममा एक शिर्षकमा विनियोजन भएको रकम भन्दा वढी खर्च गर्ने प्रवृत्ति रहेको पाईयो । छानविनका क्रममा हामीले एक शिर्षकको रकम अर्को शिर्षकमा लगेर खर्च गर्दा मुल कोषमा आम्दानी नै नबाँधिकन खर्च गर्ने गरेको भेटीयो, जुन आर्थिक अनुशासन भित्र पर्दैन । स्थानीय निकायहरुलाई अर्थ मन्त्रालयको परिपत्र/स्थानीय विकास मन्त्रालयको पत्रका आधारमा स्थानीय निकायहरुलाई मिति २०७३ साल चैत्र ३१ गते कोष तथा लेखा नियन्त्रक कार्यालयले तत्कालिन निमित्त कार्यकारी अधिकृत सुवास श्रेष्ठ र साविक लेखा अधिकृत नविन कुमार श्रेष्ठको नाममा ६ थान दस्तखत नमुना कार्ड प्रमाणित गरी स्थानीय तह अन्तरगत खाता संचालन गर्न राष्ट्रिय वाणिज्य बैंक खाँदवारीलाई परिपत्र गरेको थियो भने खाँदवारी नगरपालिकालाई बोधार्थ दिएको थियो ।

स्थानीय शासन संचालन गर्न जारी अध्यादेश २०७३, २०७३ साल फागुन महिनामा जारी भएपछि स्थानीय स्वायत्त शासन ऐनले स्थानीय निकाय भनि परिभाषा गरेकोमा स्थानीय तहमा परिणत भएको थियो । आ.व. २०७३/७४ मा भने अध्यादेशका कारण आर्थिक वर्ष श्रावण १ गते देखि फागुन मसान्त सम्म एक आर्थिक वर्ष र चैत्र १ देखि असार मसान्त सम्म एक आर्थिक वर्ष भएको थियो । जसले गर्दा खाँदवारी नगरपालिकाले पनि स्थानीय निकायमा कायम भएका खाताहरु स्थानीय तहमा परिणत गरी संचालन गरेता पनि चालु अनुदान निकाशा खाता (ग ४-१) र पूँजीगत अनुदान निकाशा खाता (ग ४-२) मा मौज्दात रहेको रकम मुल कोष खातामा फिर्ता गरी आम्दानी बाधेको पाईएन । नगरपालिका कार्यालयमा संचालनमा रहेका खाताहरुको विवरण निम्न बमोजिम रहेको देखिन्छ :

खाताहरुको विवरण

| क्र.स. | स्थानीय निकाय (२०७३।४।१ देखि २०७३ चैत्र मसान्त सम्म) | क्र.स. | स्थानीय तह (२०७४।१।१ देखि २०७४ आषाढ मसान्त सम्म) |
|---|---|---|---|
| १ | चालु खर्च खाता | १ | चालु खर्च खाता |
| २ | पूँजीगत खर्च खाता | २ | पूँजीगत खर्च खाता |
| ३ | मर्मत सम्भार कोष खाता | ३ | विविध आय दाखिला खाता |
| ४ | प्रकोप व्यवस्थापन कोष खाता | ४ | मर्मत सम्भार कोष खाता |
| ५ | वैदेशिक स्रोत खाता | ५ | प्रकोप व्यवस्थापन कोष खाता |
| ६ | कर्मचारी कल्याणकोष खाता | ६ | कर्मचारी कल्याणकोष खाता |
| ७ | धरौटी खाता | ७ | धरौटी खाता |
| ८ | चालु निकाशा खाता | ८ | सामाजिक सुरक्षा खाता |
| ९ | पूँजीगत निकाशा खाता | | |
| १० | विविध आय दाखिला खाता | | |
| ११ | सामाजिक सुरक्षा खाता | | |

## सामाजिक सुरक्षा तर्फः-

आर्थिक वर्ष २०७३/७४ मा व.उ.शि.न. ३६५०१५३ मा विनियोजीत वजेट रु ३,५५,५२,०००।- मध्ये प्रथम र दोश्रो चौमासीक निकासा वापत रु २,१५,५२,०००।- मिति २०७३।६।१६ मा कोष तथा लेखा नियन्त्रक कार्यालय संखुवासभा खाँदवारी नगरपालिकालाई निकासा गरेको देखिन्छ । उक्त निकासा भएको रकम मध्ये रु ३,८४,०००।- घटाई २,११,६८,०००।- मुल कोष वाट जेष्ठ नागरीक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम खातामा जम्मा गर्न पठाएको देखिन्छ । त्यसै गरी मिति २०७४।१।१७ मा तेश्रो चौमासिक वापत बैंक

आदेश नं. ९९४ वाट रु १,४०,००,०००।- खाँदवारी नगरपालिकालाई निकासा गरेको देखिन्छ । निकासा भएको रकम रु १,४०,००,०००।- मुल कोष वाट सामाजिक सुरक्षा खातामा कार्यालयले ट्रान्सफर गरी पठाएको देखिन्छ । यसरी कार्यालयलाई आ.व. २०७३/७४ मा निकासा प्राप्त भएको रकम रु ३,५५,५२,०००।- मध्ये वाट ३,५१,६८,०००।- मात्र सामाजिक सुरक्षा खातामा जम्मा/ट्रान्सफर गरीएको देखिन्छ । सामाजिक विकास अधिकृत श्री खेमराज निरौलाले छानविनको क्रममा दिएको तथ्यांक निम्नानुसार छ :

| क्र.स. | चौमासिक | कार्यालयवाट बैंकमा जम्मा गर्न पत्र मार्फत पठाएको रकम | बैंकले जम्मा गरेको रकम | फरक रकम |
|---|---|---|---|---|
| १ | प्रथम चौमासिक | १,०१,८७,२००।- | १,०१,२३,२००।- | ६४,०००।- |
| २ | पहिलो चौमासिक छुट | ९,२३,२००।- | ९,२३,२००।- | -- |
| ३ | दोश्रो चौमासिक | १,०९,००,८००।- | १,०७,६६,४००।- | १,३४,४००।- |
| ४ | दोश्रो चौमासिक छुट | ११,०१,२००।- | ११,०१,२००।- | -- |
| ५ | तेश्रो चौमासिक | १,१३,६४,०००।- | १,११,०४,८००।- | २,५९,२००।- |
| ६ | तेश्रो चौमासिक छुट | १०९,०००।- | १०९,०००।- | -- |
| | जम्मा | ३,४५,८५,४००।- | ३,४१,२७,८००।- | ४,५७,६००।- |

सामाजिक सुरक्षा कोष खातामा ट्रान्सफर गर्नुपर्ने रु ३,८४,०००।- मुल कोष खाता वाट आन्तरिक पूँजीगत खर्च खातामा ट्रान्सफर गरी पूँजीगत खाता बाट च.न.४२ मिति २०७३।६।१७ मा सार्वजनिक निर्माण खर्चबाट सामाजिक विकास अधिकृत खेमराज निरौलाले पेश्की लगेको देखिन्छ । सामाजिक सुरक्षा खाता वाट रु ३,५३,२००।- ट्रान्सफर गरी नगरपालिकामा अनुदान चालु खातामा लगेको देखिन्छ । भौचर नं. १६ मिति २०७४।३।१९ मा नवीन कुमार श्रेष्ठले रु ३,५३,२००।- भुक्तानी लिएको देखिन्छ । यर्थाथमा हेर्दा सामाजिक सुरक्षा खातामा जम्मा रु ३,५५,५२,०००।- को.ले.नि.का वाट निकासा भएको तर कार्यालयले भने उक्त सा.सु खातामा ३,५१,६८,०००।- पठाएको देखिन्छ, खर्च भने ३,४८,३४,२००।- भई रु. ३,३३,८००।- बाँकि देखिन्छ ।

## कर्मचारी कल्याण कोष तर्फः-

कर्मचारी कल्याण कोष तर्फ आर्थिक वर्ष २०७२/७३ को बैंक मौज्दात अनुसार ३२,२४,८१५।१२ देखिन्छ । कार्यालयले श्रेष्ता अनुसार २२,६७,५७२।१२ जनाएको छ । बैंक बढी हुनाको कारण जि.वि.स. बाट प्रैाप्त विभिन्न योजनाको रकम भनी किटान गरेको देखिन्छ । कार्यालथले पेश गरेको फाँटवारी र लेखापरीक्षकले उल्लेख गरेको मौज्दातमा रु. २०६६।६० को फरक देखिन्छ । तसर्थ बैंक स्टेटमेन्ट अनुसार खुद मौज्दात रु. ३२,२६,८८१।७२ देखिन्छ ।

| क्र.स | खाता नं. | वैक मौज्दात (रु.) | खाताको किसिम |
|---|---|---|---|
| १ | २०८००१२०७५१० | १,१३४।६५ | बचत |
| २ | २०८०३०५०१९१०२ | ९,४८,६७४।१७ | चल्ती |
| | जम्मा बैंक मौज्दात रकम | ९,४९,८०८।८२ | |

आ.व. ०७३/०७४ मा कर्मचारी कल्याण कोष वाट रु २९,८९,३९५।५६ खर्च भएको छ भने आम्दानी तर्फ रु ३९,३९,२०४।३८ बाँकी मौज्दात रु ९,४९,८०८।८२ भएको देखिन्छ ।

आ.व. ०७३।०७४ मा निम्नानुसार खर्च भएको देखिन्छ :

| क.स | मिति | भुक्तानी लिनेको नाम | चेक नं. | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७३।४।१९ | नविन कुमार श्रेष्ठ | | रु १०,००,०००।- | दायित्व सिर्जना नभई भुक्तानी भएको । |
| २ | २०७३।५।२६ | राज कुमार राई | | रु ७,५०,०००।- | |
| ३ | २०७३।६।११ | नविन कुमार श्रेष्ठ | | रु ५,४५,०००।- | |
| | | | जम्मा | रु २२९५,०००।- | |
| ४ | २०७४।१।२६ | गोपीमाया | ००१६६४२७६२ | रु ६,५९,४५७।१६ | |
| ५ | २०७४।१।३१ | भगवती | ००१६६४२७६२ | रु ३३,०६२।- | |
| ६. | | बैक सेवा शुल्क | | रु ९८५।४३ | |
| | | | जम्मा | रु ६,९३,५०४।५९ | |

- कर्मचारी कल्याण कोषबाट आ.व. ०७३/०७४ मा दायित्व शिर्जना नभई झिकिएको रकम रु २२,९५,०००।- मिति २०७४।१२।०७ मा नविन कुमार श्रेष्ठको नामबाट जम्मा गरेको देखिन्छ ।
- कर्मचारी कल्याण कोषको नाममा रहेका २ वटा खाता मध्ये पुरानो खाता कोष तथा लेखा नियन्त्रक कार्यालयबाट विगतमा नै बन्द गरीसकेकोले सो खातामा रहेको रकम नयाँ खातामा सार्नु पर्ने देखिन्छ ।

## राजश्व

आ.व. ०७३।७४ मा एकीकृत सम्पत्ति कर तर्फ २८,००,४८१।- र विविध आय तर्फ ७६,९२,३७१।४० गरी जम्मा १,०४,९२,८५२।४० आम्दानी देखाइएको छ । राजश्व शाखा प्रमुख सुमन दाहालले आ.व. को अन्त्य सम्ममा १,०३,२९,४५६।९१ र आन्तरिक पूँजीगत खातामा १,००,०००।- गरी जम्मा रु १,०४,२९,४५६।९१ जम्मा गरेको पाईयो । यस आ.व.को अन्त्य सम्ममा जम्मा हुन बाँकी रहेको रकम रु. ६३,३९५।४९ नगदै मौज्दात देखिएको छ । राजश्व जस्तो रकम दैनिक जम्मा गर्नु पर्नेमा कार्यालयका विभिन्न जिम्मेवार कर्मचारीहरुले राजश्व शाखालाई पत्र लेखी कार्यालय संचालनमा उक्त रकम खर्च गर्ने गरेको पाइयो । राजश्व शाखा प्रमुख सुमन दाहालले यसरी कार्यालय संचालनमा उपलब्ध गराएको रकम आ.व.को अन्त्य सम्ममा पनि दाखिला गरेको पाइएन । नगदै बाँकी रहेको मौज्दात रकम रु. ७५,०००।० (नगद मौज्दात भन्दा ११,६०४।५१ बढी) हाल छानविनको क्रममा मिति २०७४/१२।१४, १५ मा सुमन कुमार दाहालको नामबाट दाखिला भएको देखिन्छ । नगरपालिकामा प्राप्त हुने विभिन्न आय तथा राजश्व नगरपालिकाको विविध आय दाखिला खातामा जम्मा गर्नु पर्नेमा राजश्व शाखाले कार्यालयका अन्य विभिन्न खाताहरुमा जम्मा गरेको देखिन्छ । राजश्व शाखाबाट प्राप्त उठेको रकमहरु आम्दानीको भौचर आर्थिक प्रशासन शाखाले २०७३ चैत्र देखि २०७४ आषाढ मसान्त सम्मको आम्दानीको भौचरहरु साथै बैंक नगदी किताबको अभिलेख राखेको पाइएन ।

# मलेप प्रतिवेदन सारंस

महालेखा परीक्षकको कार्यालय बबरमहल काठमाण्डौ च.न. १७७ मिति २०७४।८।१५ तथा ८ (फरक ठाँउमा फरक गते केरमेट) को पत्रमा लेखा परीक्षण ऐन २०४८ अनुसार खाँदवारी नगरपालिकाको आर्थिक वर्ष २०७३/७४ को विनियोजन/राजश्व/धरौटी/अन्य कारोवारको आर्थिक विवरण तथा सो सम्वन्धि पेश भए सम्मको लेखा र लेखा सँग सम्वन्धित कागजपत्र परिक्षण गरी छलफल पश्चात तयार गरेको प्रतिवेदन पाना २०(बीस) निर्देशक तारा प्रसाद घिमिरेको हस्ताक्षर भई कार्यालय प्रमुख खाँदवारी नगरपालिकालाई प्रतिवेदन पेश गरेको देखिन्छ भने बोधार्थ र कायार्थ भनी श्री संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरवार, काठमाण्डौ, जिल्ला समन्वय समितिको कार्यालय संखुवासभा, कोष तथा लेखा नियन्त्रक कार्यालय संखुवासभालाई प्रतिवेदन उपलब्ध गराएको देखिन्छ ।

प्रतिवेदनमा "आर्थिक कार्यविधि ऐन २०५५ को दफा १९(१) वमोजिम ३५ दिन भित्रमा फछ्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समय भित्र फछ्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) वमोजिम कार्वाहीका लागि लेखा उत्तरदायी अधिकृतलाई जानकारी गराईने छ" भन्ने उल्लेख भएको देखिन्छ ।

महालेखा परीक्षकको प्रतिवेदनलाई मुख्य रुपमा वेवास्था गरेको कारणले नै छानविन समितिको गठनलाई पुष्टी गर्दछ । प्रतिवेदनमा कार्यालयवाट पेश भएको एकिकृत आय व्यय विवरणमा आन्तरिक आय रु १,०३,५७,२२१।४० देखाएको छ भने बैंक नगदी कितावमा आन्तरीक आय रु १,०४,९४,०९६।४० छ फरक अंक रु १,३६,८७५।- रहेको छ । यस रकम वारेमा प्रतिवेदनमा स्पष्ट उल्लेख भएको देखिदैंन । खास आन्तरिक आय कुन हो एकिन गर्न कठिन छ । यसमा कार्यालयले जम्मा गर्ने धरौटी खाता तथा राजश्व खाता फरक फरक ठाँउमा जम्मा गरेकाले बैक नगदी किताव र एकिकृत आयमा फरक देखिएको हो ।

प्रतिवेदनको १.१ मा औल्याइएको अन्तीम मौज्दात रकम रु. १,२२,८१९।१५ जिम्मेवारी नसारिएको भनि उल्लेख गरीएको छ । तर छानविनका क्रममा रा.वा. बैक खाँदवारीले उपलब्ध गराएको स्टेटमेन्टमा रु ३२,४१,८७९।४३ छ तसर्थ लेखा परिक्षण गर्दा बैक स्टेटमेन्ट पेश नगराएको भनि ठाँउ ठाँउमा म.ले.प.ले गरेको गुनासोलाई पुष्टी गर्दछ । तसर्थ छानविनका क्रममा आ.व.०७२/०७३ अन्तीम बैक मौज्दात रु ३२,४१,८७९।४३ आधार लिएका हौ ।

हामीलाई मिति २०७४ साल चैत्र ६ गते नगरकार्यपालिका बैठकको निर्णय अनुसार गठित ३ सदस्यीय समितिलाई मलेप प्रतिवेदनको १.२ मा उल्लेखीत विषयहरुमा केन्द्रीत हुंदा सो समयमा क्रियाशिल स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २२(५) वमोजिम राख्नुपर्ने आर्थिक अनुशासन र श्रेष्ता तथा सञ्चालन भएका खाताहरु र तिनको सहि खातावाट सहि शिर्षक अन्तरगतको खर्च नगर्ने आर्थिक अनुशासन हिन ढंगले लेखा प्रणालिको दुरुपयोगको कारण आर्थिक अपचलन भएको हो । अर्को तर्फ मलेपले वेरुजु वर्गिकरण गर्दा १.२ मा औल्याएको वेरुजु असुल गर्नुपर्ने किटान गरीएको छ ।

मलेप प्रतिवेदनले असुल गर्नुपर्ने वेरुजु वर्गिकरणमा रु १,२४,३८,७६६।- रहेको छ । त्यसमा नियमित गर्नुपर्ने भनि ठहर गरीएको रकम रु.२,८४,१८,२०८।- रहेको छ भने प्रमाण कागजात पेश नभएको रु.४९,९८,८९८।० र पेश्की रु. १,१४,५६,१०२।० गरी जम्मा बेरुजु रु. ५,७३,११,९७४।० कायम भएको देखिन्छ ।

प्रतिवेदनमा कर कट्टी नगरीएको, दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा पेश गर्नुपर्ने कागजपत्र पेश नगरेको, वडा सभा सञ्चालन गरेपछि पे.फ. गर्दा पेश गर्नुपर्ने कागजपत्र पेश नगरेको विजुलिको विल भुक्तानी गर्दा विल नराखेको, तलब भत्ता खादाको भरपाई नराखेको, भत्ता भुक्तानी गर्दा निर्णय संलग्न नगरेको, आयकर ऐन अनुसार कर कट्टी नगरेको, योजनाहरुको तथा व्यक्तिहरुलाई दिएको पेश्की फछ्यौटमा ध्यान नदिएर पेश्की देखिएको । संस्थाहरुलाई निर्णयको आधारमा भुक्तानी दिएको, एकल निर्णयले योजनाहरुलाई प्रमाणित गरेको जस्ता कमजोरीहरुलाई मुख्य रुपमा औल्याएको छ ।

महालेखा परीक्षकको प्रतिवेदनको दफा १.२ मा औंल्याइएका विषयलाई आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ (१) बमोजिम ३५ दिन भित्र फछ्र्यौट गर्ने एवं सम्परीक्षण गर्ने अवधिमा खाँदबारी नगरपालिकाले समय गुजारेको देखिन्छ । तसर्थ यसको विषयमा खैलाबैला शुरु भयो । आफ्नो कार्यालयको लेखा राख्ने, आ.ले.प.गर्ने, म.ले.प गराउने तथा त्यस सम्बन्धीका नीति नियमलाई आर्थिक पारदर्शिता अपनाउन जुन भूमिका खेल्नु पर्दथ्यो, त्यो जिम्मेवारी लेखा शाखाबाट भएको देखिदैन । त्यसको कार्यान्वयन गराउन जिल्ला प्रशासन कार्यालयले अविलम्ब प्रकृया अगाडि बढाउन पत्राचार भएपछि कार्यालयबाट रफ्तारमा काम भएको देखिन्छ । म.ले.प.को प्रतिवेदनमा औंल्याइएका विषयहरु मध्ये दफा १.२ बढी केन्द्रीत गर्ने मीति २०७४।१२।०६ गते का.वा. प्रमुख डेगेश्वरी श्रेष्ठको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैंठकले छानवीन समिति गठन गर्ने निर्णय भयो भने अर्को तर्फ नगरकार्यपालिका कार्यालय पनि सकृय भयो । कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधी, जिल्ला समन्वय समितिको प्रतिनिधी प्राप्त भएपछि २०७४।१२।१२ बाट समितिलें कार्यालयसँग समन्वय गरी लेखा अधिकृत नविन कुमार श्रेष्ठ, लेखा शाखामा कार्यरत ना.सु राज कमार राई र जिल्ला समन्वय समितिबाट काज सरुवा हुनुभएका लेखापाल सरोज कुमार श्रेष्ठको सहयोगमा आ.ब. ०७३।७४ को आ.ले.प. प्रतिवेदनको अन्तिम बैंक मौज्दात तथा खर्च श्रेस्ताबाट अध्ययन शुरु गरियो । कार्यालयको श्रेष्ता अध्ययनको क्रममा नगरपालिकाको वार्षिक कुल आम्दानी/निकाशा र खर्च मेल खाँदैन भने अर्को तर्फ म.ले.प. ले देखाएको मौज्दात भन्दा बढी मौज्दात बैंकमा रहेको देखिन्छ । छानवीनका क्रममा लेखा अधिकृत नविन कुमार श्रेष्ठबाट रकम जम्मा गरेको भौचरहरु प्राप्त भएपछि त्यसै आधारमा समेत अध्ययन गरिएको थियो । चेकमा उल्लेख भएका व्यक्तिहरुले रकम झिकेको बैंक विवरणबाट देखिए पनि अपचलन भएको अधिकांश रकम लेखा अधिकृत नविन कुमार श्रेष्ठको नाम र हस्ताक्षरबाट खाँदबारी नगरपालिकाका विभिन्न खाताहरुमा जम्मा भएको देखिन्छ । हुन त लेखा अधिकृतले मिति २०७४ साल चैत्र ७ गतेको स्टाफ मिटिङ्गमा अपचलन भएको रकम आफै जम्मा गर्ने तथा छानवीन समितिले औंल्याएको रकम समेत आफू तिर्न तयार रहेको लिखित प्रतिवद्धता जनाएको स्टाफ मिटिङ्गको निर्णयमा उल्लेख छ ।

लेखा अधिकृत नविन कुमार श्रेष्ठले दाखिला गरेको रकमहरु मध्ये आर्थिक वर्ष ०७३।७४ को आषाढ महिनामा जम्मा रु. ४०,००,०००।- (चालिस लाख ) मिति २०७४।३।२३ मा दाखिला गरेको देखिन्छ । लेखा अधिकृत नविन कुमार श्रेष्ठले आ.व. ०७२।७३ को म.ले.प.को प्रतिवेदनमा उल्लेख नभएको तर छानवनि समितिले पत्ता लगाएको कर्मचारी कल्याण कोषको रु. २,२०,०००।- समेत मिति २०७४।१२।१५ मा जम्मा गरेको देखिन्छ भने अधिकांश रकम छानवीन समितिले काम शुरु गरेको मिति देखि रकम दाखिला गर्दै आएका छन् भने केही रकमहरु कार्यालयले स्पष्टीकरण सोध्न शुरु गरेको दिन देखि जम्मा गर्दै आएको देखिन्छ । रकम अपचलन गर्न कार्यालयको श्रेष्तामा कुनै पनि श्रेस्ता खड़ा नगरी सिधै व्यक्तिका नाममा चेक जारी भएको देखिन्छ । चेकको पछाडी दशैं भत्ता, तलब भत्ता, बालपोषण भत्ता र सामाजिक परिचालकलाई तलब जस्ता विषय उल्लेख नगरी नै भुक्तानी दिनु भनी उल्लेख गरीएको छ । अपचलन भएका रकमका नमूनाहरु निम्नानुसार रहेका छन :

| क.सं. | मिति | चेक नं. | खाता नं. | रकम | चेकमा उल्लेखित नाममहरु | खाता |
|---|---|---|---|---|---|---|
| १. | २०७२-३-२९ | २१७२०८ | २०८००१२०७५१० | २२००००.०० | नविन कुमार श्रेष्ठ | कल्याण कोष |
| २. | २०७३-०४-१९ | ०००४७३६५७ | २०५००१२०७५१० | १००००००.०० | नविन कुमार श्रेष्ठ | कल्याण कोष |
| ३. | २०७३-०५-२७ | ०००६७९८०४७ | २०८०३०२०१२१०२ | ३५००००.०० | खेमराज निरौला | चालू खर्च |
| ४. | २०७३-०४-२० | ०००६७९०२५३ | २०८०३०२०२२२०२ | ९५०००.०० | राज कुमार राई | पूँजीगत |
| ५. | २०७३-०६-०५ | ०००६७९०२६७ | २०८०३०३०२२२०२ | १०५५०००.०० | राज कुमार राई | पूँजीगत |
| ६. | २०७३-०६-०२ | ०००६७९८२०७ | २०८०३०५००५२०२ | ४०००००.०० | नविन | मर्मत सम्भार कोप |
| ७. | २०७३-०६-०९ | ००६७९८२०८ | २०८०३०५००५२०२ | ७२५०००.०० | नविन | मर्मत सम्भार कोष |
| ८. | २०७३-०६-११ | ००००४७३६६२ | २०८००१२०७५१० | ५४५०००.०० | नविन | कर्मचारी कल्याण कोष |
| ९. | २०७३-०५-२६ | ००००४७३६५८ | २०८००१२०७५१० | ७५००००.०० | राज कुमार राई | कर्मचारी कल्याण कोष |
| १०. | २०७३-०६-१६ | ०००६७९०२६९ | २०८०३०२०२२२० | १५७५०००.०० | नविन | पूँजीगत |
| ११. | २०७३-०५-२९ | ०००६७९८०३७ | २०८०३०२०१२१०२ | ३५००००.०० | नविन | चालू खाता |
| १२. | २०७३-०६-१८ | ००६७८०२८५ | २०८०३०२०२२२०२ | ५२५०००.०० | नविन | पूँजीगत पुरानो |
| १३. | २०७३-०७-२९ | ०००६७९०२९७ | २०८०३०२०२२२०२ | ८०००००.०० | नविन | पूँजीगत पुरानो |
| १४. | २०७३-०८-०३ | ००६७९०२९५ | २०८०३०२०२२२०२ | ९५००००.०० | नविन | पूँजीगत पुरानो |
| १५. | २०७३-११-३० | ००२०३५९७७३ | २०८०३०२०२२२०२ | १५५००००.०० | नविन | पूँजीगत |
| १६. | २०७३-०६-२० | ०००६७९०२९६ | २०८०३०२०२२०२ | ७०००००.०० | राज कुमार राई | पूँजीगत |
| १७. | २०७३.१२.०१ | ००२०३५९७७४ | २०८०३०२०२२०२ | ९००००.०० | रमेश बयलकोटी | पूँजीगत |
| | | | जम्मा | ११६८००००.०० | | |

यो रकम मध्ये रु. ४०,००,०००।० मिति २०७४/३/२९ मा खाँदवारी नगरपालिका कार्यालयका लेखा अधिकृत नविन कुमार श्रेष्ठको नामबाट जम्मा भइसकेको देखिन्छ ।

खाँदवारी नगरपालिकामा ऋषिकेश निरौला (२०७२।०९।०८-२०७३।०३।२४), पुरुषोत्तम घिमिरे (२०७३।४।३१-२०७३।०७।२३) महेन्द्र बहादुर घिमिरे (२०७३।९।३-२०७३।१२।०७), सुवास श्रेष्ठ (२०७३।१२।२१-२०७४।६।२६) सम्म कार्यकारी अधिकृतको रुपमा कार्यरत रहेको देखिन्छ । यसरी हेर्दा २०७३।४।१ देखि २०७४ आषाढ मसान्त सम्म एक आ.व. भित्रै यति धेरै रकम अपचलन भएको देखिन्छ ।

## रकम दाखिला

नगर कार्यपालिकाको मिति २०७४ चैत्र ६ गतेको कार्यपालिका बैठकले म.ले.प. प्रतिवेदनको १.२ को बेरुजुका विषयमा छानवीन समितिले कार्य प्रारम्भ गरेदेखि नगद रकम दाखिला गर्ने काम कर्मचारीहरुबाट शुरु भएको छ । म.ले.प.को बेरुजु दाखिला गर्न प्रमुख प्रशासकीय अधिकृत कृष्ण कुमार निरौलाले सबै शाखामा कार्यरत कर्मचारीहरुलाई ३ (तीन) दिन भित्र दाखिला गर्न पत्राचार गरेपछि दाखिला गर्ने क्रम धमाधम भइरहेको देखिन्छ । छानवीनका क्रममा लेखा अधिकृत नविन कुमार श्रेष्ठले मिति २०७४।१२।०९ मा प्रमुख प्रशासकीय अधिकृतलाई संबोधन गरी पेश गरेको दर्ता नं. १८२९ को पत्रमा उल्लेख भएअनुसार निम्न

रकमहरु दाखिला गरेको भौचरहरु समितिलाई उपलब्ध भएका छन् । बैंक विवरणमा उल्लेख भएका विभिन्न खाताहरुको जम्मा विवरण तपसील बमोजिम छ :

| क्र.सं. | जम्मा गर्नेको नाम र दस्तखत | बापत | खाता नं. | रकम | बैंक जम्मा मिति | बैंकको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | नविन श्रेष्ठ दस्तखत मात्र | सापटी | २०८०३०४०१८१०२ | २२०००००.०० | २०७४-१२-०९ | रा.वा.बैंक | |
| २. | नविन | सापटी | २०८०३०४०१८१०२ | ४०००००० ,०० | २०७४-०३-२९ | रा.वा.बैंक | |
| ३. | कर्मचारी कल्याण कोष ( खाँदवारी नगरपालिका) | सापटी | २०८०३०५०१९१०२ | २२९५०००.०० | २०७४-१२-०७ | रा.वा.बैंक | |
| ४. | दस्तखत (नविन) | सापटी | २०८०३०५०१९१०२ | २२००००.०० | २०७४-१२-१५ | रा.वा.बैंक | |
| ५. | दस्तखत (नविन) | सापटी | २०८०३०४०१८१०२ | ११४००००.०० | २०७४-१२-१३ | रा.वा.बैंक | |
| ६. | दस्तखत | सापटी | २०८०३०५०२९२०२ | ११२५०००.०० | २०७४-१२-१६ | रा.वा.बैंक | |
| ७. | नविन श्रेष्ठ | सापटी | २०८०३०४०१८१०२ | ७००००० .०० | २०७४-१२-०८ | रा.वा.बैंक | |
| | | | जम्मा | ११६८००००.०० | | | |

## एकिकृत आय व्यय विवरण

छानविन समितिले कार्यालयबाट उपलब्ध भएसम्मका श्रेष्ताहरुको अध्ययन गर्ने क्रममा २०७३/७४ को फाल्गुण मसान्तमा स्थानीय निकायबाट स्थानीय तहमा रुपान्तरण हुँदा निस्कृय रहेका खाताहरुमा समेत रु. १,६२,२४,५००।० (एक करोड बैसट्ठी लाख चौबीस हजार पाँच सय) रकम आजका मिति सम्म मौज्दात रहेको फेला परेको छ । जुन कुरा कार्यालयलाई समेत थाहा नभएको पाइएको छ । अध्ययनका क्रममा समितिबाट तयार पारिएको आर्थिक वर्ष २०७३/७४ को एकिकृत वार्षिक आर्थिक विवरण तथा बैंक मौज्दातको विवरण तपसिल बमोजिम रहेको छ :

खाँदवारी नगरपालिका कार्यालय, खाँदवारी, संखुवासभाको

**आ.व. २०७३/७४ को एकिकृत आर्थिक विवरण (श्रेष्ता अनुसार)**

| क्र.सं. | विवरण | बजेट/आम्दानी | खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १ | शुरु मौज्दात (बैंक) | ३२४१८७९.४३ | ०.०० | ३२४१८७९.४३ | |
| २ | नगरपालिका मुलकोष खाता | ९२२७५५८६.५१ | ८३८४०८८५.६३ | ८४३४७००.८८ | |
| ३ | नगरपालिका चालु अनुदान | ६८८९०००.०० | ७९९८०९२.२३ | -११०९०९२.२३ | |
| ४ | नगरपालिका पूँजीगत अनुदान | ४३५४७१२८.२८ | २९०२७५३५.३३ | १४५१९५९२.९५ | |
| ५ | एल जि सि डि पि (LGCDP) चालु | ३५०९०००.०० | ३५००६५२.०० | ८३४८.०० | |
| ६ | संघीय संरचना (चालु) | २००००००.०० | ४९००८७.२३ | १५०९९१२.७७ | |
| ७ | संघीय संरचना (पूँजीगत) | ८००००००.०० | ४९८८८०३.४१ | ३०१११९६.५९ | |
| ८ | नगर क्षेत्र पूर्वाधार विकास (पूँजीगत) | २२३५५९८०.०० | २४१९८१०८.२३ | -१८४२१२८.२३ | |
| ९ | आन्तरिक स्रोत चालु/पूँजीगत | १०४२९१९६.२० | १२२१५७६८.४२ | -१७८६५७२.२२ | |
| ११ | मर्मत सम्भार कोष/सडक बोर्ड | ४७२५५५०.०० | ३४६२९६५.५० | १२६२५८४.५० | |
| १२ | प्रकोप व्यवस्थापन कोष | ३२९९१३.०० | १२३१२५.०० | २०६७८८.०० | |
| १३ | जिविसदाट प्राप्त विभिन्न योजना (शशर्त अनुदान) | २३८१८००.०० | ४४१४११८.३५ | -२०३२३१८.३५ | |
| १४ | जिल्ला प्राविधिक (पुल हेरालु) | ५४०००.०० | ०.०० | ५४०००.०० | |
| १५ | मालपोत रजिष्ट्रेशन | ६५१५३२८.०० | ०.०० | ६५१५३२८.०० | |
| १६ | पुनर्निर्माण प्राधिकरण (भूकम्प) | २५८००.०० | २५८००.०० | ०.०० | |
| १७ | सामाजिक सुरक्षा | ३५१६८०००.०० | ३४८३४२००.०० | ३३३८००.०० | |
| १८ | धरौटी | १९३५०१४.०५ | ६२२०७३.२३ | १३१२९४०.८२ | |
| १९ | कर्मचारी कल्याणकोष | २९३७१३७.७८ | ६९४३९५.५६ | २२४२७४२.२२ | |
| २० | वडा नं. १० र ११ को संचालन खाता | ६८४६१४०.०० | ६४७७०७९.०० | ३६९०६१.०० | |
| | जम्मा | २५३१६६४५३.२५ | २१६९१३६८९.१२ | ३६२५२७६४.१३ | |

**बैंक मौज्दातको विवरण (बैंक स्टेटमेन्ट अनुसार)**

| क्र.सं. | खाताको विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | नगरपालिका चालु अनुदान निकासा खाता २०८०३०४००४१०१ (०७३।४।१ देखि चैत्र ३० सम्मको पुरानो खातामा) | ११४१८१६६.०० | |
| २ | नगरपालिका पूँजीगत अनुदान निकासा खाता २०८०३०४००४०२ (०७३।४।१ देखि चैत्र ३० सम्मको पुरानो खातामा) | ४८०६३३४.०० | |
| ३ | नगरपालिका चालु खाता हि.नं. २०८०३०२०१६१०२ (आषाढ मसान्त सम्मको नयाँ खातामा) | ५३६३३२.३८ | |
| ४ | नगरपालिका पूँजीगत खाता हि.नं. २०८०३०२०२६२०२ (आषाढ मसान्त सम्मको नयाँ खातामा) | ६११७.०७ | |
| ५ | मुलकोष खाता हि.नं. २०८०३०४०१८१०२ मा | ८५०२२७२.९३ | |
| ६ | सामाजिक सुरक्षा हि.नं. २०८०००३३८२०१ मा | ३३३८००.०० | |
| ७ | धरौटी हि.नं. | १३१२९४०.८२ | |
| ८ | कर्मचारी कल्याणकोष (पुरानो खाता हि.नं. २०८००१२०७५१० मा | ११३४.६५ | |
| ९ | कर्मचारी कल्याणकोष (नयाँ खाता हि.नं. २०८०३०५०१९१०२ मा | ९४९८०८.८२ | |
| १० | मर्मत सम्भार कोष/सडक बोर्ड हि.नं. २०८०३०५०२९२०२ मा | ११०९४३.०० | |
| ११ | प्रकोप व्यवस्थापन कोष हि.नं. २०८०३०५०४९४०२ मा | २०६७८८.०० | |
| १२ | वडा नं. १० र ११ को संचालन खाता हि.नं. २०८०००५२०८०१ मा | ३६९०६१.०० | |
| | **जम्मा** | २८५५३६९८.६७ | |
| | नसाटिएको चेकको रकम भुक्तानी हुन बाँकी (घटाउने) | ९५६४०.०० | |
| | **खुद बैंक मौज्दात** | २८४५८०५८.६७ | |

श्रेष्ता तथा बैंक मौज्दातमा फरक परेको रकम रु. ७७,९४,७०५।४६ (बैंक कम) अपचलन भएको देखिन्छ।

## निष्कर्ष

मिति २०७४ चैत्र ६ गते कार्यपालिकाको बैठकको निर्णय नं. ४ को १ बमोजिम गठित छानवीन समितिले काम शुरु गरेर ७ (सात) दिनको अवधी मध्ये पनि सार्वजनिक विदामा समेत अहोरात्र खटिई यो प्रतिवेदन तयार गरिएको छ । म.ले.प.को प्रतिवेदनको दफा १.२ को सम्बन्धमा कार्यालयको श्रेष्ता तथा कागजातहरु अध्ययन गर्दा लेखा शाखामा रहेको श्रेस्ताहरु, बैंक नगदी किताब तथा राष्ट्रिय वाणिज्य बैंक खाँदबारीको प्रमाणित बैंक विवरणलाई मुख्य आधार वनाइएको छ भने लेखा प्रमुख नविन कुमार श्रेष्ठ, सोही शाखामा कार्यरत ना.सु. राज कुमार राई र काज सरुवा भएका लेखापाल सरोज कुमार श्रेष्ठ तथा समितिले आमन्त्रण गरेका जिल्ला वन कार्यालय खाँदवारी कार्यरत लेखापाल शुशिल पोखरेल लगायत प्रमुख प्रशासकीय अधिकृत कृष्ण कुमार निरौला, विभिन्न शाखा प्रमुखहरुसँगको परामर्श तथा कागजपत्रहरुको तथ्यका आधारमा प्रतिवेदन तयार गरिएको हो ।

नगर प्रमुख मुरारीप्रसाद खतिवडा, उपप्रमुख डेगेश्वरी श्रेष्ठ तथा कार्यपालिका सदस्यहरु, नगरबासी दाजुभाई दिदी बहिनीहरु, राजनैतिक दलका नेताहरुको सल्लाहलाई मध्यनजर गर्दै तथ्य र प्रमाणित कागजातको आधारमा प्रतिवेदन पेश गरिएको छ । संवैधानिक निकायको रुपमा रहेको महालेखा परीक्षकको कार्यालयले दिएको प्रतिवेदनलाई पूर्ण रुपमा कार्यान्वियनमा लैजाने सन्दर्भमा प्रतिवेदनले औंल्याएका बुँदालाइ छानवीन गरी कार्यान्वयन गर्नु खाँदबारी नगरपालिकाको पमुख दायित्य हो । यही दायित्वलाई पूरा गर्न छानवीन समितिले तथ्यपरक प्रतिवेदन तयार गर्ने प्रयत्न गरिएको छ । समितिले रकम जम्मा गरेको भौचरका प्रतिलिपीहरु, रकम झिकेका बैंक विवरणका प्रतिलिपीहरु, आर्थिक अपचलन गरेको प्रमाणहरुका प्रति तथा प्रतिवेदन तयार एवं कार्यान्वियनलाई समेत आधार हुने प्रमाणहरु यसमा संलग्न छन ।

प्रतिवेदनमा औंल्याएका विषयवस्तुहरु तथा व्याख्या एवं दोषी देखिएका कर्मचारी उपर हुने कानूनी उपचार माफी-मिनाहा, हर्जना सहित जरिवाना गर्ने एवं जिम्मेवारी विहिन बनाउने सम्पूर्ण अधिकार नगर कार्यपालिकालाई हुने हुँदा यस प्रतिवेदन कार्यान्वयन गर्ने नगर्ने  जिम्मेवारी नगर कार्यपालिकामा निहित छ । हाम्रो समितिलाई छानवीन गरी प्रतिवेदन पेश गर्न जिम्मेवारी मात्र भएकोले अपचलन गर्ने कर्मचारीहरुलाई कानूनी कारवाहीको सिफारिस गर्न सकिएन । यसको सबै अधिकार कार्यपालिका रहेको हुँदा ताहाँबाटै पूर्ण रुपमा हुने छ भन्ने विश्वास छानवीन समितिले लिएको छ । अर्को तर्फ अपचलन भएका चेकका अर्धकट्टीहरुपूर्ण फेला परेनन भने लेखा शाखामा रहेको कम्प्युटरमा मन्त्रालयले उपलब्ध गराएको सफ्टवेयरले भौचरहरु प्रविष्टि गर्दा बैक पनि डेबिट, भौचरमा पनि डेबिट मात्र लेखेको फेला परेको छ । चेकमा उल्लेखित नाम भएका कर्मचारीहरु राज कुमार राई, खेमराज निरौलाले आफूहरुले चेक नबुझेको तथा त्यस्तो गरेको थाहा नभएको बताएका छन् भने तत्कालिन कार्यकारी अधिकृतहरुलाई सम्पर्क गर्न सकिएन ।

## सुझावहरु:

१. कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा गरीएका रकमहरु तथा विभिन्न निकायहरु कार्यालयलाई प्राप्त भएका रकमहरुको आम्दानी नजनाइएको, कुन निकायबाट कति रकम आयो सो को स्पष्ट जानकारी नभएकोले आम्दानी बाँध्नु पर्ने देखिन्छ ।

२. मूल कोष/संचित कोष खातामा आम्दानी बाँधी सके पश्चात मात्र अन्य खातामा ट्रान्सफर गर्नुपर्नेमा सो नगरी विभिन्न खाताहरुमा ट्रान्सफर गरेकोले सो कार्यलाई अविलम्ब बन्द गरीनु पर्ने देखिन्छ ।

३. राजश्व शाखाबाट प्राप्त हुने सम्पत्ति कर तथा विविध आयहरु कार्यालयको मूल कोष संचित खातामा जम्मा गर्नु पर्नेमा विभिन्न खाताहरमा जम्मा गरेको पाइयो । तसर्थ अब आइन्दा एउटा मात्र संचित कोष खातामा जम्मा गर्नु पर्ने देखिन्छ ।

४. कार्यालयबाट निकासा प्राप्त भएका रकमहरु कुन कुन खातामा ट्रान्सफर गरीएको हो सो छुट्टयाउन कठिन भएकोले अभिलेखलाई व्यवस्थित गरीनु पर्ने देखिन्छ ।

५. कार्यालयबाट लिएको पेश्की रकम आर्थिक वर्षको अन्त सम्ममा पनि फछ्यौंट नभएकोले/नगरेकोले नियमानुसार म्याद भित्रै फछ्यौंट हुनु पर्ने देखिन्छ ।

६. सामाजिक सुरक्षा बापत आ.व. ०७३।७४ मा के कति व्यक्तिहरुले भत्ता पाए सो को स्पष्ट अभिलेख पाउन नसकिएको साथै सामाजिक सुरक्षा भत्ता बापतको रकम विवरण सहित पठाउँदा जुन बेला खाता खोलिएको थियो, अधिकार प्राप्त खाता सञ्चालकहरुको संयुक्त दस्तखतबाट मात्र बैंक पठाउनु पर्नेमा कार्यालयका जुनसुकै शाखाका कर्मचारीहरु पनि सहिछाप गरी पठाइएको देखिंदा अब उक्त कार्यलाई निरुत्साहित गरी आधिकारीक खाता सञ्चालकहरुको दस्तखतबाट मात्र पठाउने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

७. कार्यालयले विभिन्न व्यक्ति संस्था फर्महरुलाई भुक्तानी गर्दा A/C Payee चेक मार्फत गर्नु पर्नेमा त्यसो नगरी व्यक्तिको नाममा वियरर चेक मार्फत भुक्तानी गरीएको देखिन्छ तसर्थ उक्त कार्यलाई पूर्ण बन्द गरी सबै कारोबार चेक मार्फत गरीनु पर्ने देखिन्छ ।

८. कार्यालयमा भएका सम्पूर्ण आर्थिक प्रशासन सम्बन्धी श्रेस्ताहरु चुस्त, दुरुस्त र पारदर्शीता बनाउनका लागि विभिन्न निकायहरुले दिएको निर्देशन तथा सुझावहरु पूर्ण रुपले परिपालन गर्नु पर्ने देखिन्छ ।

"धन्यबाद"